प्रदेश सरकार
प्रदेश नं. २, नेपाल
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
# डिभिजन वन कार्यालय रौतहट
फोन नं. ०५५-५४०२१०

पत्र संख्या:- २०७८/०७९
चलानी नं.:- 529

मिति :- २०७८/१०/०२

विषय :- जाहेरी सम्बन्धमा ।

श्री प्रदेश वन निर्देशनालय
प्रदेश नं. २
जनकपुरधाम, धनुषा ।

उपरोक्त सम्बन्धमा यस डिभिजन वन कार्यालय र अन्तर्गतका सब-डिभिजन वन कार्यालयबाट मिति २०७८/०९/०१ गते देखि मिति २०७८/०९/३० गते सम्मको प्राप्त जाहेरी विवरण खुलाई पठाईएको व्यहोरा सादर अनुरोध छ ।

विवरण

१. वन पैदावार चोरी निकासीको अवस्था :

- उपरोक्त विषयमा मिति २०७८/०९/१२ गते साँझ ५:०० बजेको समयमा जंगलसहिया सब डि.व.का., रौतहटका वन कर्मचारीहरुले टुरगस्ती गर्दै जाँदा पुर्व : गाउँ वस्ती, पश्चिम :- गाउँबस्ती, उत्तर : जंगलसहिया जाने पक्की सडक र दक्षिण :- पक्की सडक यति चार किल्ला भित्र पोखरबिंडा भन्ने ठाउँमा जि.रौ.गुजरा न.पा. ४ मा साल जातको काठ मोटरसाईकलमा बोकी लगिरहेको अबस्थामा पक्राउ गर्न खोज्दा वन तस्कर भागी फरार भएको तत्पश्चात सोही ठाउँ तथा सोही चार किल्ला भित्र साईकलमा साल जातको काठ लोड गरेको अबस्थामा साल जातको गोलिया थान २ को ३.९७ क्यू.फिट काठ वेवारिसेरुपमा फेला पारी गाउँ घरका भद्रभलादमी तथा वन कर्मचारीहरुको रोहवरमा मोटरसाईकल तथा काठ बरामद गरी मोटरसाईकलको चक्काको निशान हेर्दै जाँदा पुर्व : वन, पश्चिम : अन्जुमन सा.व.उ.स., दक्षिण : बलुवा नहर तथा उत्तर : बागमती सिंचाई नहर यति चार किल्ला भित्र जंगलसहिया साझेदारी वनमा साल जातको रुख काटिएको अबस्थामा देखिएको तथा विगो लगिसकेको हुँदा सोको बारेमा को कस्ले कसरी लगेका हुन खोजतलास कार्य जारी राख्दै आवश्यक कार्यवाहीको लागी यो प्रतिवेदन पेश गरिएको व्यहोरा अनुरोध छ भनी स.व.अ. श्री बैजनाथ मण्डल समेतको प्रतिवेदन प्राप्त हुन आएकोले जाँचबुझ तथा अनुसन्धान कार्यको लागी निज स.व.अ. लाई नै खटाईएको ।
- मिति २०७८/९/२४ गतेका दिन करिब १०:०० बजेको समयमा यस कार्यालयबाट खटिएको गस्ती टोलीले टुरगस्ती गर्दै जाँदा पुर्व : राष्ट्रि वन, पश्चिम : स्वसती खोला, उत्तर : महादेव बस्ती, दक्षिण दोभान खोला यति चार किल्ला भित्रको वनजंगलमा काठ तस्करहरुले रातविरातको समयमा कर्मचारीहरुको आँखाछली १४७" साल जातको रुख ढाली उक्त रुखको विगो पुरै घटनास्थलमै रही रहेको हुदाँ त्यहा वरिपरीका भद्र भलादमीहरुसंग सोधपुछ गर्दा जिल्ला मकवानपुर साविक धियाल गा.वि.स. बस्ने वुद्धिमान तामाङ्गको छोरा माईला तामाङ्ग जना-१ र बुबाको नाम थाहा नभएको ऐ.ऐ. बस्ने प्रेम माझी जना-१ समेत गरी जम्मा मानिस जना २ (दुई) को नाम, थर, वतन खुल्न आएकोले निजहरुलाई पक्राउ गरी वन ऐन अनुसार कार्यवाही गरी पाउँन साथै उक्त विगो घटनास्थलमै रहेकाले चोरी निकासी हुने बढी सम्भावना रहेको हुँदा घाटगद्दीको लागी आदेश पाउँन सादर अनुरोध छ भनी स.व.अ. श्री बैजनाथ मण्डल समेतको प्रतिवेदन प्राप्त हुन आएकोले जाँचबुझको लागी निज स.व.अ.लाई खटाईएको व्यहोरा जाहेरीको लागी सादर अनुरोध छ ।

२. वन्यजन्तु चोरी निकासी र नियन्त्रण अवस्था :-

३. अतिक्रमण र नियन्त्रण अवस्था :- यस कार्यालयको अभिलेख अनुसार हालसम्म यस जिल्लामा पुरानो अतिक्रमण ३१९० हे. रहेको छ र नयाँ वनक्षेत्र अतिक्रमण हुन नदिन स्थानिय प्रहरी, प्रशासनसंग समन्वय गरी नियमितरुपमा गस्ती गरिचालन हुदैं आएको ।

४. ढुंगा, वालुवा, ग्रेवेल चोरी निकासी र नियन्त्रणको अवस्था :-

५. अन्य कुनै घटनाको विवरण :-

२०७८।१०।२
अमरदेव प्रसाद यादव
नि.डिभिजनल वन अधिकृत

वोधार्थ
श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय,
प्रदेश नं.२, जनकपुरधाम, धनुषा :- जानकारीको लागी अनुरोध छ ।
श्री वन तथा भू-संरक्षण विभाग,
बबरमहल, काठमाण्डौ :- जानकारीको लागी अनुरोध छ ।
श्री जिल्ला प्रशासन कार्यालय,गौर, रौतहट :- जानकारीको लागी अनुरोध छ ।